
"उपाध्यक्ष आमा सुरक्षा/गर्भवतीलाई अण्डा र घरमा हरियो झण्डा कार्यक्रम कार्यबिधि २०७६"

लाई संशोधन गरि तयार गरिएको कार्यबिधी

# उपाध्यक्ष आमा सुरक्षा कार्यक्रम कार्यबिधी २०८२

पहिलो पटक संशोधन मिति : २०८२/०६/२७



माथागढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

झडेवा,पाल्पा

# बिषय सुची

१) उपाध्यक्ष आमा सुरक्षा कार्यक्रम परिचय
२) परिच्छेद १ : प्रारम्भिक
३) परिच्छेद २ : उपाध्यक्ष आमा सुरक्षा कार्यक्रम
४) परिच्छेद ३ : अनुगमन तथा सुपरभिजन
५) परिच्छेद ४ : अभिलेख तथा प्रतिबेदन
६) परिच्छेद ५ : अनुसूचीहरु

# उपाध्यक्ष आमा सुरक्षा कार्यक्रम :

## परिचय

नेपालको संबिधान २०७२ ले आधारभुत स्वास्थ्य सेवा उपभोग गर्न पाउने जनताको अधिकारलाई प्रत्याभुत गरेको छ । "हाम्रो माथागढी हाम्रो शान, समृद्द माथागढी हाम्रो पहिचान" भन्ने नारा सहित माथागढी गाउँपालिकाले माथागढीका जनताको स्वास्थ्यलाई ध्यान दिई उपाध्यक्ष आमा सुरक्षा/गर्भवती महिला लाई अण्डा र घरमा हरियो झण्डा कार्यक्रम संचालनमा रहेकोमा त्यसलाई संशोधन गरि उपाध्यक्ष आमा सुरक्षा कार्यक्रम संचालनमा ल्याईएको छ । आमा सुरक्षा कार्यक्रम प्राथमिकता प्राप्त कार्यक्रम भएता पनि गर्भवती महिलाहरु समयमा गर्भ जचाउन आउने, नियमानुसार ४ पटक गर्भ जांच गराउने, संस्थामा सुत्केरी हुने, गर्भावस्था र सुत्केरी अवस्थामा सरसफाईमा ध्यान दिने, पोषणयूक्त खानेकुराहरु खाने र आराम गर्ने जस्ता आधारभुत व्यवहार अवलम्बन गर्ने परिपाटी कम रहेको र ति कार्य प्रति स्वयं, घरपरिवार र समुदायले पनि खासै ध्यान दिन नसकेको कारण यी सबैकुराहरुको पुरकको रुपमा यस कार्यक्रमलाई लिईएको छ ।

यस माथागढी गाउँपालिकामा उपाध्यक्ष आमा सुरक्षा कार्यक्रम अन्तर्गत गर्भवती महिलाको नियमित स्वास्थ्य परिक्षण तथा आईरन चक्की, जुकाको औषधी र टि.डी.सुईको प्रयोग तथा पूर्ण संस्थागत सुत्केरी हुने प्रचलन लाई बढाउँदै तथा दैनिक स्थानिय स्तरमा पाइने पोषणयुक्त खानपानमा समेत बढावा गर्दै पोषण स्वास्थ्यमा सुधार तथा संस्थागत सुत्केरी बढाउनको लागि यो कार्यक्रम प्राथमिकताका साथ संचालन गरिएको छ ।

## परिच्छेद १

**प्रारम्भिक :**

१, **संक्षिप्त नाम** : यो कार्यबिधीको नाम **"उपाध्यक्ष आमा सुरक्षा/गर्भवतीलाई अण्डा र घरमा हरियो झण्डा कार्यक्रम कार्यबिधि २०७६"** लाई संशोधन गरि तयार गरिएको कार्यबिधी **"उपाध्यक्ष आमा सुरक्षा कार्यक्रम कार्यबिधी २०८२"** रहने छ ।

२, **प्रारम्भ** : यो कार्यविधि तत्काल प्रारम्भ हुनेछ ।

३, **परिभाषा** :

बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा

क) "उपाध्यक्ष आमा सुरक्षा कार्यक्रम २०८२" मा गर्भजाँच भन्नाले पहिलो पटक जाँच १२ हप्ता

दोश्रो पटक जाँच १६ हप्ता
तेश्रो पटक २० देखि २४ हप्ता
चौथो पटक २८ हप्ता
पाँचौं पटक ३२ हप्ता
छैठौं पटक ३४ हप्ता
सातौं पटक ३६ हप्ता
आठौं पटक ३८ देखि ४० हप्ता रहेको छ ।

गर्भवती महिलाले प्रोटोकल अनुसार गर्भजाँच गराएमा गर्भजाँच गराएको ४ महिना ( १६ हप्ता), ६ महिना (२४ हप्ता), ८ महिना (३२ हप्ता) र ९ महिना (३६ हप्ता) को गर्भ जाँच एक क्यारेट (३० गोटा) को दरले अण्डा प्रदान गरिने छ । त्यस्तै गरि गर्भ रहेको चौथो महिनाको शुरु देखि सुत्केरी भएको छ हप्ता सम्मको लागि प्रतेक दिन १००० मि.ग्रा.को हिसावले गर्भ रहेदेखि सुत्केरी भएको ४२ दिन सम्मको लागि २२५ चक्की क्याल्सियम ( **Calcium**)चक्की उपलब्ध गराईने छ ।

ख) "सुत्केरी जांच" भन्नाले पहिलो पटक सुत्केरी भएको २४ घण्टा भित्र, दोश्रो पटक ३ दिन, तेश्रो पटक ७ देखि १४ दिन र चौथो पटक सुत्केरी भएको ४२ दिनको जांचलाई जनाउनेछ ।

ग) "सेवाग्राही" भन्नाले माथागढी भित्र बसोबास गर्ने, प्रोटोकल अनुसार गर्भजांच गरि नियमानुसार आईरन चक्की, जुकाको औषधी र टिडी सुई प्रयोग गरिरहेको गर्भवतीलाई जनाउनेछ ।

घ)"स्वास्थ्य संस्था"भन्नाले माथागढी भित्रका सरकारी आधारभुत अस्पताल, प्रा.स्वा.के, स्वा.चौकी र सामुदायिक स्वास्थ्य इकाई लाई जनाउनेछ ।

ङ) "स्वास्थ्यकर्मी" भन्नाले स्वास्थ्य संस्थामा कार्यरत प्राविधिक स्वास्थ्यकर्मीलाई जनाउनेछ ।

च) "सेवा" भन्नाले गर्भवती महिलालाई उपाध्यक्ष आमा सुरक्षा कार्यक्रमबाट प्रदान गरिने अण्डा र क्याल्सियम चक्कीलाई जनाउनेछ ।

छ) "ईकाइ मूल्य" भन्नाले गर्भवतीलाई प्रोटोकल अनुसार जाँचका क्रममा प्रदान गर्ने अण्डाको मुल्यलाई सम्झनु पर्दछ । जुन गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा गठित तपसिल बमोजिमको ईकाइ मुल्य निर्धारण समितिले निर्धारण गरे बमोजिम हुने छ :

गाउँपालिकाको उपाध्यक्ष : संयोजक
गाउँपालिकाको आर्थिक प्रशासन प्रमुख : सदस्य
गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख : सदस्य

## परिच्छेद २

**उपाध्यक्ष आमा सुरक्षा कार्यक्रम :**

४) गर्भवतीलाई अण्डा साबिकको प्रोटोकल अनुसार चौथौ महिना (१२ देखि १६ हप्ता), छैठौ महिना (२० देखि २४ हप्ता), आठौ महिना २८ देखि ३२ हप्ता) र नवौ महिना (३६ देखि ४० हप्ता) मा गर्भजाँचकोलागि आउँदा एक क्यारेट (३० गोटा) अण्डा प्रदान गरिने छ ।

५) गर्भवती महिलालाई नयाँ प्रोटोकल अनुसार ८ पटक गर्भजाँच गर्नु पर्ने छ ।

६) गर्भवती महिलालाई आईरन चक्की संगै दैनिक एक ग्रामको मात्रामा खाने गरि सुत्केरी भएको छ हप्ता सम्मको लागि क्याल्सियम चक्की उपलब्ध गराईने छ ।

७) गर्भवती महिलालाई हरेक पटक उपलब्ध गराएको अण्डा र क्याल्सियम चक्कीको भरपाई अनुसुचि २ अनुसारको हुनु पर्ने छ।

८) गर्भवतीले आईरन चक्की, जुकाको औषधी खाएको र टिडी सुई लगाएको सुनिश्चित हुनुपर्ने छ ।

९) गर्भवती महिलाले सेवा प्राप्तीको लागि मातृ तथा नव शिशु सेवा कार्डको फोटोकपी पेश गर्नुपर्ने छ ।

१०) सम्बन्धित स्वास्थ्य संस्थाले अनुमानित गर्भवतीहरुको एकिन गरि पेश्कि रकमका लागि गाउँ कार्यपालिकाको कार्यालयमा निबेदन दिई प्राप्त गर्न सकिनेछ । भुक्तानी पश्चात फरफारक गर्नुपर्ने छ ।

११) क्याल्सियम चक्की गाउँपालिकाबाट खरिद गरि व्यवस्थापन गरिने छ ।

१२) नियमित गर्भवती जाँच, अण्डाको प्रयोग र क्याल्सियम चक्कीको बारे म.सा.स्वा.स्वयंसेविका तथा स्वास्थ्यकर्मीद्वारा अनुगमन गरिनेछ ।

१३) यो सेवा **माथागढी भित्रका सेवाग्राहीलाई मात्र प्रदान** गरिने छ ।

१४) माथागढी भित्रका सेवाग्राही लाई माथागढी भित्रका जुनसुकै स्वा.संस्थाले सेवा उपलब्ध गराउनु पर्नेछ ।

१५) सेवा प्रदानगरे पश्चात सेवा प्रदायकले मातृ तथा नवशिशु सेवा कार्डको कैफियतमा अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ ।

## परिच्छेद ३

## सुपरिबेक्षण तथा अनुगमन

१५) उपाध्यक्ष आमा सुरक्षा कार्यक्रमको अनुगमन/सुपरिभिजन गाउँपालिकाद्वारा गरिने छ ।

## परिच्छेद ४

## अभिलेख तथा प्रतिबेदन

क) कार्यक्रमको अभिलेख HMIS ३.६ र अनुसुचि १ मा राखिनेछ ।

ख) प्रतिबेदन HMIS ९.३ र अनुसुचि ३ मा गरिने छ ।

ग) अनुसुचि १ र २ दुई/दुई प्रति भरि १/१ प्रति सम्बन्धित कार्यालयमा राखि १/१ प्रति गाउँपालिका कार्यालयमा पेश गरिनेछ ।

अनुसुचीहरु

अनुसुचि १

संस्थामा अभिलेख राख्ने भरपाई रजिस्टर

माथागढी गाउँपालिका

..... स्वास्थ्य चौकी

वडा नं. ,पाल्पा

गर्भवतीलाई अण्डा र क्यालिसयम चक्की बितरण गरेको भरपाई आ.व. महिना.....

| सि.नं | गर्भवतीको नाम | श्रीमानको नाम | ठेगाना | अन्तिम महिनावारी मिति | प्रोटोकल अनुसारको जांच महिना | क्यालिसयम र अण्डा दिएको संख्या/मिति | | | बुझिलिनेको दस्तखत | मोबाईल नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अण्डा क्यारेट | क्यालिसयम चक्की १ ग्राम | दिएको मिति | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

तयार गर्ने

दस्तखत

नाम :

पद

स्वास्थ्य संस्थाको छाप

स्वास्थ्य संस्था प्रमुख :

दस्तखत

नाम :

पद :

माथागढी गाउँपालिका

..... स्वास्थ्य चौकी

माथागढी गाउँपालिका वडा नं. ,पाल्पा

उपाध्यक्ष आमा सुरक्षा कार्यक्रमको मासिक प्रगति प्रतिबेदन :

आ.व.: महिना :

| सि.नं. | सेवाग्राहीको नाम | उमेर | ठेगाना | अण्डा दिएको परिमाण क्यारेट ( ३० गोटा) | १ ग्राम क्यालसियम चक्की दिएको परिमाण | बितरण मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा : | | | | | | |

तयार गर्ने
दस्तखत
नाम
पद

स्वास्थ्य संस्थाको छाप

स्वास्थ्य संस्था प्रमुख :
दस्तखत :
नाम
पद